# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, कार्तिक ३० गते, २०८२ साल (अतिरिक्ताङ्क ३४(क)

## भाग ५

## निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले संवत् २०८२ साल माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६ अनुसार देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">कार्यक्रम</th><th colspan="2">मिति</th><th colspan="2">समय</th><th rowspan="2">स्थान</th></tr>
<tr><th>देखि</th><th>सम्म</th><th>देखि</th><th>सम्म</th></tr>
<tr><td>१</td><td>मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">२०८२।०९।१९</td><td>१०.००</td><td>११.००</td><td>निर्वाचन अधिकृत को कार्यालय</td></tr>
<tr><td>२</td><td>दाबी विरोधको उजुरी दिने (प्रकाशित नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने तथा प्रकाशित नामावलीमा उल्लेख भएका मतदाताको विरोधमा उजुरी दिने समेत)</td><td>२०८२।०९।१९</td><td>२०८२।०९।२०</td><td>११.००</td><td>१६.००</td><td>ऐ.ऐ</td></tr>
<tr><td>३</td><td>निवेदन तथा उजुरी उपर छानबिन र कारबाही गर्ने</td><td>२०८२।०९।२१</td><td>२०८२।०९।२२</td><td>१०.००</td><td>१५.००</td><td>ऐ.ऐ</td></tr>
<tr><td>४</td><td>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">२०८२।०९।२२</td><td>१५.००</td><td>१६.००</td><td>ऐ.ऐ</td></tr>
<tr><td>५</td><td>उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने</td><td colspan="2">२०८२।०९।२३</td><td>१०.००</td><td>१५.००</td><td>ऐ.ऐ</td></tr>
<tr><td>६</td><td>मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने</td><td colspan="2">२०८२।०९।२३</td><td>१५.००</td><td>१६.००</td><td>ऐ.ऐ</td></tr>
</table>



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८२।०९।२४ | | १०.०० | १६.०० | ऐ.ऐ |
| ८ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८२।०९।२५ | २०८२।०९।२६ | १०.०० | १५.०० | ऐ.ऐ |
| ९ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२।०९।२६ | | १५.०० | १६.०० | ऐ.ऐ |
| १० | उम्मेदवारले नाम फिर्ता लिने | २०८२।०९।२७ | | १०.०० | १३.०० | ऐ.ऐ |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२।०९।२७ | | १३.०० | १४.०० | ऐ.ऐ |
| १२ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२।०९।२८ | | १०.०० | १३.०० | ऐ.ऐ |
| १३ | मतदान गर्ने | २०८२।१०।११ | | ९.०० | १५.०० | तोकिए को मतदान केन्द्र |

**द्रष्टव्यः**

१. क्रमसङ्ख्या १ बमोजिमको मतदाता नामावली आयोगको वेबसाइट www.election.gov.np मा समेत प्रकाशन गरिने छ।

२. प्रचारप्रसार निषेध अवधि मतदान सुरू हुने दिनभन्दा ४८ घण्टा भन्दा अगाडि अर्थात् २०८२ माघ ८ गते राति १२:०० बजेदेखि लागु हुनेछ।

३. मतदान पश्चात सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य सुरू गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ।

४. मिति २०८२/१०/११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुने व्यक्ति र मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुने व्यक्ति प्रचलित कानून बमोजिम फरक फरक हुनु पर्नेछ।

## सूचना २

निर्वाचन आयोगले संवत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (१), (२) र (३) बमोजिम समानुपातिक निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले सोही ऐन दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने | २०८२।०८।२० | | | | निर्वाचन अधिकृत को कार्यालय |
| २ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने | २०८२।०८।२१ | २०८२।०८।२३ | १०.०० | १६.०० | ऐ.ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने | २०८२।०८।२४ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ४ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०८२।०८।२५ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ५ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२।०८।२६ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ६ | राजनीतिक दलहरूलाई बन्दसूची पेश गर्नका लागि तयारी समय | २०८२।०८।२७ | २०८२।०९।१२ | | | |
| ७ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०८२।०९।१३ | २०८२।०९।१४ | १०.०० | १६.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारको बन्दसूची छानबिन गरी आवश्यकता अनुसार सच्याउन दलहरूलाई सूचित गर्ने | २०८२।०९।१५ | २०८२।०९।२० | १०.०० | १६.०० | ऐ.ऐ. |
| ९ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०८२।०९।२१ | २०८२।०९।२७ | १०.०० | १६.०० | ऐ.ऐ. |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०८२।०९।२८ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ११ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने | २०८२।०९।२९ | | १०.०० | १६.०० | |
| १२ | उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली सम्बन्धित राजनीतिक दलले आयोगमा पेश गर्ने | २०८२।०९।३० | २०८२।१०।०२ | १०.०० | १६.०० | ऐ.ऐ. |
| १३ | उम्मेदवारको बन्दसूचीको सूचना प्रकाशन गर्ने (बन्दसूची सार्वजनिक गर्ने) | २०८२।१०।०४ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| १४ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्ने निवेदन दिने | २०८२।१०।०५ | २०८२।१०।१० | १०.०० | १६.०० | ऐ.ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०८२।१०।११ | २०८२।१०।१७ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १६ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०८२।१०।१९ | | १०.०० | १७.०० | ऐ.ऐ. |
| १७ | उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने | २०८२।१०।२० | | १०.०० | १७.०० | ऐ.ऐ. |
| १८ | मतदान | २०८२।११।२१ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

**द्रष्टव्यः**

१. समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलले उम्मेदवारको बन्दसूची अनिवार्य रूपमा निर्वाचन कार्यक्रममा तोकिएको मिति भित्र निर्वाचन अधिकृतको कार्यालय, बहादुर भवन, कान्तिपथमा पेश गर्नु पर्नेछ।

२. राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम तयार गरी पेश गर्नु पर्नेछ।

३. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा राख्न पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिकको बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न पाइने छैन।

४. समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार हुन पाइने छैन।

५. निर्वाचन कार्यक्रमको क्र.सं. ७ बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दललाई बन्दसूची दर्ता भएको निस्सा उपलव्ध गराईनेछ। त्यस्तो निस्सा उपलव्ध गराउँदा बन्दसूची सच्याउन पर्ने वा नपर्ने बारे यकीन गर्न सम्पर्क राख्न आउने मिति समेत उल्लेख गरिनेछ। सम्पर्क राख्न आउने मिति तोकिएकोमा सम्बन्धित राजनीतिक दलले उक्त मितिमा अनिवार्य रूपमा सम्पर्क राखी बन्दसूची सच्याउनु पर्ने भएमा सो बारेको पत्र बुझिलिनु पर्नेछ।

## सूचना ३

निर्वाचन आयोगले संवत् २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (१), (२) र (३) अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले सोही ऐनको दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क.सं. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२।१०।०६ | २०८२।१०।०६ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय |
| २ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८२।१०।०६ | | १७.०० | १९.०० | ऐ.ऐ. |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८२।१०।०७ | | १०.०० | १५.०० | ऐ.ऐ. |
| ४ | मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८२।१०।०७ | २०८२।१०।०८ | १५.०० | १७.०० | ऐ.ऐ. |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२।१०।०८ | | १७.०० | १९.०० | ऐ.ऐ. |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०८२।१०।०९ | | १०.०० | १३.०० | ऐ.ऐ. |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२।१०।०९ | | १३.०० | १५.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२।१०।०९ | | १६.०० | १९.०० | ऐ.ऐ. |
| ९ | मतदान गर्ने | २०८२।११।२१ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**द्रष्टव्यः**

१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन, ऐन २०७४ को दफा ३० को उपदफा (१) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार हुन पाउने छैन।

२. प्रचारप्रसार निषेध अवधि मतदान सुरू हुने दिनभन्दा ४८ घण्टा भन्दा अगाडि अर्थात् २०८२ फागुन १८ गते राति १२:०० बजेदेखि लागु हुनेछ।

३. निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान सम्पन्न भई मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी सुरक्षित रूपमा भण्डारण भएपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरू गर्नेछ।

**आज्ञाले,**
**माहादेव पन्थ**
**सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. १५।-**
**गो.द.ह.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।